आज मिति २०८१/०८/०६ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेल ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको ४७ औं बैठक बसी तपसिल बमोजिमका प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| क्रं स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री दिर्घ ब. बुढाथोकी | का.वा. अध्यक्ष २ नं. | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | यम |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | श्री जीवन न्यौपाने | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| १९. | श्री पुन्ना थापा | ~~सहभागी कर्मचारीहरु~~ आमन्त्रित सदस्य | |
| १९ | श्री गौरव कुं. न्यौपाने | ले. अ. | |
| २० | श्री राज तेन्द्र थापा | कं. अं. | |

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक संख्या नं. ४७ स्थानः गाउँपालिका मिति : २०८१/०८/०६ गते

प्रस्तावहरु:

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. वास प्लान पारित सम्बन्धमा ।
३. IEE पारित सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।
    १. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्ययन कार्यमा सहयोग गरिदिने सम्बन्धमा ।
    २. निर्माण सेवालाइ घ वर्गको इजाजत पत्र उपलब्ध गराउने सम्बन्धमा ।
    ३. अपाङ्ग वाल अस्पताल तथा पुनस्थापनाको जानकारी
    ४. धानको मुल तथा उन्नत विउ स्टक माग गर्ने सम्बन्धमा कृषि शाखा :
    ५. साना सिचाइ ,नहर मर्मत/कुलो) पाइपकृषी : कृषि मोटर प्रस्ताव माग गर्ने सम्बन्धमा , शाखा
    ६. योजना माग गर्ने सम्बन्धमा प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तरगत :



प्रमुख प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

## मिति २०८१ मङ्सिर ०६ गते बसेको गाउँ कार्यपालिकाको ४७ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

राप्ती सोनारी गाउँ कार्यपालिकाको ४६ औं बैठकमा भएका निर्णयहरुको कार्यान्वयनका सन्दर्भमा छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं. २**

वास प्लानको मस्यौदामा छलफल गरिए अनुसार प्राप्त सुझावहरुलाई समेटर स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आ.ब. २०८१/०८२ को राप्ती सोनारी गाउँपालिका अन्तर्गत विभिन्न ठाउँको नदिजन्य पदार्थ उत्खनन् प्रयोजनको लागि गरिएको **IEE** को ठेक्का सम्झौता गर्नको लागि फर्म (इन्जिनियरको घर प्रा.लि.) का प्रतिनिधिश्री राज कुमार ऐरले मिति २०८१/०८/०२ दिईएको निवेदन बमोजिम पौष मसान्त सम्म ठेक्का सम्झौता गर्ने म्याद थप गर्ने र सो प्रा.लि. का प्रतिनिधिले गरेको प्रस्तुतिकरण उपर छलफल गरियो र सदस्यहरुले दिइएको सुझाव समेटर IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ विविध निर्णयहरु**

१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्ययन कार्यमा सहयोग गरिदिने सम्वन्धी पत्रानुसार बैठकमा छलफल भइ आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

२. श्री लोक वहादुर थापा मगर प्रोपराइटरको रहेको त्रिमुर्ति निर्माण सेवा राप्ती सोनारी ४ लाइ बैठकमा पेश भएका कागजातका आधारमा "घ" वर्गको इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

३. वडा नं. ८ को सभाहल निर्माणको लागि क्रमागत रुपमा बजेटको वडाको बजेट सिलिङ्गबाट भुक्तानि हुने गरी निर्माण गर्ने भनि निर्णय गरियो ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.ब. २०८१/०८२ का लागी सूचिकृत वेरोजगारहरुलाई रोजगारीको अवसरमा सहभागि सृजना गराउने उद्देश्यले सुचीकृत वेरोजगारहरुको लागत संकलन गरेका राप्ती सोनारी गाउँपालिका वडा नं. ३,४,५,७,८ र ९ वाट विभिन्न योजनाहरु माग गर्ने निर्णय गरीयो ।

५. गाउँपालिकाकाले रोजगार रणनीतिको मस्यौदामा छलफल गरियो र मस्यौदामा दिइएका सुझावहरु समेटी रोजगार रणनीति अर्को बैठकमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

६. कोहलपुर नगरपाली वडा नं.१२ निवासी श्री मनोज वहादुर डाँगीले पेश गर्नु भएको निवेदन बमोजिम राप्ती सोनारी गाउँपालिका वडा नं. २ निवासी श्री विष्णु वोहरासँग गरिएको सम्झौता तथा योजना तथा



प्रमुख प्रशासकीय अधिकृत

अनुगमन शाखा बाट पेश भएको फाइल अनुसार रासी सोनारी २ देखि बैजनाथ गाउँपालिका बाँकेको सम्झना चोकसम्म माटो उठाइ लिन कार्यालयको निर्णयलाई समर्थन हुने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

७. रासी सोनारी गाउँपालिका वडा नं. ५ निवासी श्री ज्ञानेन्द्र अधिकारीले पेश गर्नु भएको निवेदन र योजना तथा अनुगमन शाखा बाट पेश भएको फाइल अनुसार निज निवेदकले वडा नं. ५ को ललही मसानघाट खोला क्षेत्रमा संकलन एरीयामा स्कलन गरि राखेको ढुङ्गा आयोजना निर्माण कार्यमा मात्र प्रयोग हुने गरि निर्माण स्थलसम्म ढुङ्गा उठाई लिन कार्यालयको निर्णयलाई समर्थन हुने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

८. रासी सोनारी गाउँपालिका वडा नं. ६ निवासी विनोद कुमार थारुले पेश गर्नु भएको निवेदन बमोजिम मुगुवा खोलामा स्टक गरीएको ढुङ्गा रासी सोनारी २ दोन्द्रा खोलामा लिइ जानको लागि नियमानुसार अनुमोदन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

९. जिल्ला प्रहरी कार्यालय नेपालगंज बाँके, बाट अनुरोध भई आए बमोजिम उक्त कार्यालय परिसर रंग रोगन गर्नका लागी बढीमा रु. एक लाख सहयोग गर्ने निर्णय गरियो ।

१०. रासी सोनारी अस्पतालमा करारमा मेडिकल अधिकृत नियुक्ति प्रयोजनका लागि सूचना प्रकाशित गरि आवेदन दिने उम्मेद्वार एकजना भन्दा वढि भएमा लिखित परिक्षा मार्फत एकजना मात्र भएमा अन्तरवार्ता मार्फत छनौट गरी सम्झौता गरी करारमा काममा लगाउने गरि सम्झौता गर्न प्रमुख प्रमुख प्रशासकीय अधिकृत लाइ निर्देशन गर्ने निर्णय गरियो ।

११. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यम विकास सहजकर्ता छनौट प्रक्रियाको लागि पाठ्यक्रम स्वीकृत गर्न निर्णय गरियो ।

१२. आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उन्नत गहूँको वीउ खरिदको लागि २ पटक दररेट पेश गर्ने सम्बन्धी प्रकाशन गर्दा कुनै पनि दररेट पशे नभएको र कृषि सामग्री कम्पनी लिमिटेड को मिति २०८१/०७/१४ गतेको च.नं. ९० अनुसार उन्नत गहूँको विउ (दररेट ८५।-) मा खरिद गर्ने पत्रानुसारको दररेट लाई समर्थन गर्ने निर्णय गरियो ।